**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मिति: २०८१।०३।०९ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

सुरक्षण मुद्रण केन्द्र, सिंहदरबार, काठमाडौंले अन्तःशुल्क स्टिकर छपाईमा अनियमितता गरेको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तत्कालीन सचिव एवं सुरक्षण मुद्रण विकास समितिका तत्कालीन अध्यक्ष **डा. बैकुण्ठ अर्याल**, आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक **रितेश कुमार शाक्य**, आन्तरिक राजस्व विभागका तत्कालीन उप-महानिर्देशक **टंक प्रसाद पाण्डेय**, आन्तरिक राजस्व विभागका तत्कालीन निर्देशक **गणेश विक्रम शाही**, आन्तरिक राजस्व विभागका तत्कालीन शाखा अधिकृत **रविन्द्र प्रसाद पौड्याल**, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक **विकल पौडेल**, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक **सफल श्रेष्ठ**, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन खरिद विज्ञ **शक्ति प्रसाद श्रेष्ठ**, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत **हरिबल्लभ घिमिरे**, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत **विष्णु प्रसाद गौतम** र Print Cell Pvt. Ltd. **र सोका मुख्य व्यक्ति (निर्देशक एवं संचालक) केशव शर्मा** समेतको मिलोमतोमा सुरक्षण मुद्रण विकास समिति अन्तर्गतको सुरक्षण मुद्रण केन्द्र, सिंहदरवार काठमाडौंले आ.व. २०७८/०७९ मा विनियोजन भएको बजेट, स्वीकृत खरिद गुरुयोजना, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव (प्रथम पक्ष) र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक (दोस्रो पक्ष) बिच भएको कार्यसम्पादन सम्झौता विपरीत अन्तःशुल्क स्टिकरको खरिद कार्य अगाडि बढाएको र विनियोजित बजेट स्वीकृत खरिद गुरुयोजना तथा कार्यसम्पादन सम्झौतामा उल्लेखित प्रावधान विपरीत सुरक्षण मुद्रण केन्द्रले कार्य अगाडि बढाउँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ बमोजिम कार्यक्रम संशोधन गरी कार्य अगाडि बढाउनुपर्नेमा सो समेत नगरी अति संवेदनशील र राष्ट्रको अर्थतन्त्रसंग प्रत्यक्ष सरोकार राख्ने अन्तःशुल्क स्टिकरको खरिद कार्य निजी कम्पनीमार्फत छपाई गरी प्राप्त गर्ने सम्झौता गरी अगाडि बढाएको, उक्त बिनियोजित बजेटबाट सुरक्षण मुद्रण केन्द्रले जनशक्तिलाई तालिम प्रदान गरी अन्तःशुल्क स्टिकर छपाईको लागि आवश्यक पर्ने Paper तथा Toner/Ink खरिद गरी सुरक्षण मुद्रण केन्द्रमा भएको मेशिनबाट आफैंले अन्तःशुल्क स्टिकर छपाई गर्नुपर्नेमा सो नगरेको, यसरी विनियोजित बजेटको प्रावधान विपरीत आधिकारिक निकायको स्पेसिफिकेशन र डिजाइनको स्वीकृति बेगर नै निजी क्षेत्रसँग सम्झौता गर्नु वद्नियतपूर्ण थियो भन्ने देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ एवं सार्वजनिक खरिद अनुगमन कार्यालयले Standard Bidding Document मा तोकेका प्रावधान विपरीत मूल्याङ्कनका आधारहरु राखी बोलपत्र तयार गरेको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५(१)(घ) विपरीतको खरिद विधि छनौट गरेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ विपरीतको खरिद गुरुयोजना बनाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र नियम ११ मा उल्लेख गरेका प्रावधान र आधार विपरीत अस्वभाविक रुपले बढी लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ का आधारहरुलाई पालना नगरी सारभूतरुपमा प्रभावग्राही नरहेको बोलपत्र

स्वीकृत गरेको, सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ३ बमोजिम गठित समितिबाट निर्णय नगराई/अधिकार प्रत्यायोजन नभई कार्य अगाडि बढाएको आफ्नो ओहदाको कर्तव्य पालना गर्दा प्रचलित कानुन विपरीत गरी अन्तःशुल्क स्टिकर खरिद सम्बन्धी कार्य निजी कम्पनीलाई ठेक्का लगाई सम्झौता बमोजिमको २० प्रतिशत पेश्की रकमसमेत भुक्तानी गरी/गराई, प्रचलित कानुन विपरीत/अधिकारप्राप्त निकायको स्वीकृत बिना नै सरकारी सम्पत्ति (अति संवेदनशील मेशिन HP Indigo 6K Security Printing Machine थान २, Jura Security Printing Software, भौतिक पूर्वाधारहरु जमिन, भवन, विद्युत, पानी, air-conditioning र विदेशी जनशक्तिलाई Accommodation समेत उपलब्ध गराउने) कुनै मूल्य/शुल्क नलिई आपूर्तिकर्तालाई निजी प्रयोगमा दिई बदनियतपूर्वक दुरुपयोग गरी/गराई लगाई निज प्रतिवादीहरुको आपसी मिलोमतो र संलग्नतामा आफूहरुलाई लाभ पुऱ्याउने र सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रलाई रु.३८,६७,१७,६४०/—(अठतीस करोड सतसठ्ठी लाख सत्र हजार छ सय चालीस रुपैयाँ) हानिनोक्सानी पुऱ्याउने बद्नियतले कार्य गरी/गराई, सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-wo-०३०६ उपर मिति २०७९/०५/२७ मा रिट खारेज गर्नेगरी फैसला भएपश्चात आन्तरिक राजस्व बिभागले पहिले नै आह्वान गरी सम्मानित सर्वोच्च अदालतको अन्तरकालीन आदेशले स्थगित रहेको बोलपत्रको प्रक्रिया स्वतः क्रियाशील भएको अवस्थामा आन्तरिक राजस्व विभागले मद्रास सेक्युरिटी प्रेससँग बाँकी प्रक्रियाबमोजिम टुङ्गोमा पुग्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएकोमा सो समेत नजरअन्दाज गरी हतार हतार सम्मानित सर्वोच्च अदालतबाट उक्त रिट खारेज भएकै दिन २०७९/०५/२७ को मिति राखी निर्णय गरी सोही दिनको मिति राखी पत्र तयार गरी त्यसको भोलिपल्ट मिति २०७९/०५/२८ गतेका दिन ३ वटा पत्रहरु चलानी गरेपश्चात मात्र उक्त कार्यादेशको पत्र चलानी गरी सुरक्षण मुद्रण केन्द्रलाई कार्यादेश दिएको र सोही कार्यादेशको आधारमा स्पेसिफिकेशन/डिजाइनसमेत आन्तरिक राजस्व विभागबाट स्वीकृत नगरी/नगराई अन्तःशुल्क स्टिकर खरिदको लागि सुरक्षण मुद्रण केन्द्रले कानुन विपरीत ठेक्का लगाई पेश्कीवापत २० प्रतिशतले हुन आउने रु.६,८४,४५,६००/- (छ करोड चौरासी लाख पैतालीस हजार छ सय रुपैयाँ) भुक्तानी समेत गरे/गराएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय गरी बिगो असुल उपर तथा जफतको लागि मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंका तत्कालीन सचिव एवं हाल नेपाल सरकारका मुख्य सचिव पदमा कार्यरत **डा. बैकुण्ठ अर्याल** | रु.३८,६७,१७,६४०।- | सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवको जिम्मेवारीमा रही सुरक्षण मुद्रण विकास समितिको अध्यक्ष रहेका निजले सो समितिलाई तोकिएको कुनैपनि काम कर्तव्य कानुनी रुपमा पालना नगरी, समितिका अन्य ७ जना सदस्यको अधिकारलाई पूर्णतः हरण गरी सुरक्षण मुद्रण केन्द्रको आ.व. २०७९/८० का नीति, बजेट तथा कार्यक्रमलाई समितिको बैठकबाट स्वीकृत समेत नगराएको, समितिबाट अधिकार प्रत्यायोजन समेत नगराई मन्त्रालयको सचिवको हैसियतबाट कानुनले नदिएको अधिकार समेत प्रयोग गरी कार्यकारी निर्देशकलाई गैरकानुनी काम कारबाही सम्पादन गर्न प्रत्यक्ष सहयोग पुऱ्याई बजेट सिलिङ्ग दिने, वार्षिक बजेट तथा कार्यक्रम अर्थ मन्त्रालयमा पठाई LMBIS |

| | | | |
|---|---|---|---|
| | | | मा प्रविष्टि गराउने, कार्यसम्पादन सम्झौता गर्ने, खरिद गुरुयोजना स्वीकृत गर्ने जस्ता काम कारबाहीमा संलग्न भई सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ एवं सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ ले तोकेका कार्यहरु सम्पादन गर्दा समितिको अध्यक्षको हैसियतले गर्नुपर्ने जिम्मेवारी वहन नगरेको, तर मन्त्रालयको सचिवको हैसियतले कानुनले नदिएको अधिकार प्रयोग गरी कार्य गरे/गराएको, सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशकले अन्तःशुल्क स्टिकरको छपाई गर्नेसम्बन्धी गैरकानुनी खरिद कार्य अगाडि बढाई मिलेमतोमा सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) बोलपत्र स्वीकृत गरी कानुन विपरीतको ठेक्का सम्झौता भई पेश्की रकम भुक्तानी समेत गरी सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सम्पत्ति हानिनोक्सानी गराउन बद्नियतसाथ कार्य गरी/गर्न लगाई रु.३८,६७,१७,६४०/— (अक्षरेपि अठतिस करोड सरसठ्ठी लाख सत्र हजार छ सय चालिस) रकम बराबरको हानिनोक्सानी गरे/गराएको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र विगो वमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- (अक्षरेपि छ करोड चौरासी लाख पैतालिस हजार छ सय) रकम निजबाट असुल उपर हुन एवं नभएको अधिकार प्रयोग गरी सुरक्षण मुद्रण केन्द्रको खरिद गुरुयोजना स्वीकृत गरेकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरमा सोही ऐनको दफा १५ बमोजिमको कैद सजाय र जरिवाना हुन साथै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको तत्कालीन सचिव पदमा कार्यरत रही निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको छ। |
| २. | आन्तरिक राजस्व विभागका तत्कालीन महानिर्देशक एवं हाल अर्थ मन्त्रालयका सहसचिव पदमा | रु.३८,६७,१७,६४०।- | अन्तःशुल्क ऐन, २०५८ ले सुरक्षण चिन्ह अङ्कित अन्तःशुल्क स्टिकर/टिकटको ढाँचा विभागले नै तोक्नुपर्ने कानुनी व्यवस्था गरेकोमा अन्तःशुल्क स्टिकरको विशेषता/प्रकृति/स्पेसिफिकेशन/डिजाइन सहितको ढाँचा आफू र आफू मातहतका कर्मचारीबाट तयार नगरी/नगराई, अन्तःशुल्क |

| | | | |
|---|---|---|---|
| | कार्यरत **रितेश कुमार शाक्य** | | स्टिकर छपाई गर्ने सम्बन्धी सुरक्षण मुद्रण केन्द्रको क्षमता र सम्भाव्यता अध्ययन नै नगरी, आफ्नो निकायका कर्मचारीको संलग्नता बिना कानुनी अधिकार बाहिर रही सुरक्षण मुद्रण केन्द्रबाट तयार भएको अन्तःशुल्क स्टिकरको डिजाईन, स्पेसिफिकेशन र विशेषता उपयुक्त तथा सुरक्षण संवेदनशीलताको दृष्टिकोणबाट मान्य छ वा छैन भन्ने बारेमा आफ्ना कर्मचारी वा विज्ञद्वारा छानबिन/परीक्षण नै नगरी/नगराई, सार्वजनिक खरिद ऐन, २०६३ अनुसार मालसामान खरिद सम्बन्धी आधारभूत प्रक्रियाहरु पूरा नभएको अवस्थामा आफू मातहत रही सामान खरिद सम्बन्धी कारबाहीको जिम्मेवारीमा रहेका तत्कालीन उपमहानिर्देशक कार्यालयमा हाजिर हुँदाहुँदै निजलाई कुनै जानकारी नै नदिई/संलग्न नै नगराई, आन्तरिक राजस्व विभागले जनक शिक्षा सामग्री केन्द्रबाट अन्तःशुल्क टिकट छपाई गराउँदा सम्झौता गर्ने लगायत अपनाइएका अन्य प्रक्रियाको बारेमा जानकारी हुँदाहुँदै र सुरक्षण मुद्रण केन्द्रलाई कार्यादेश दिँदा सो कुनैपनि प्रक्रिया अवलम्बन नगरी सोझै कार्यादेश दिने निर्णय गरी, सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सम्पत्ति हानिनोक्सानी गराउने उद्देश्यले बद्नियत चिताई मिलेमतोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ३. | आन्तरिक राजस्व विभागका तत्कालीन उपमहानिर्देशक एवं हाल भन्सार विभागको उपमहानिर्देशक पदमा कार्यरत **टंक प्रसाद पाण्डेय** | रु.३८,६७,१७,६४०।- | अन्तःशुल्क स्टिकरको विशेषता/प्रकृति/स्पेसिफिकेशन/ डिजाइनसहितको ढाँचा आफ्नो कार्य जिम्मेवारीमा रहेको अन्तःशुल्क तथा अनुसन्धान महाशाखा र आफू मातहतका कर्मचारीहरुबाट तयार नगरी/नगराई र सो स्वीकृत नगरी/नगराई, अन्तःशुल्क स्टिकर छपाई गर्ने सम्बन्धी सुरक्षण मुद्रण केन्द्रको क्षमता र सम्भाव्यता अध्ययन नै नगरी, आफ्नो निकायका कर्मचारीको संलग्नता बिना कानुनी अधिकार बाहिर रही सुरक्षण मुद्रण केन्द्रबाट तयार भएको अन्तःशुल्क स्टिकरको डिजाईन, स्पेसिफिकेशन र विशेषता उपयुक्त तथा सुरक्षण संवेदनशीलताको दृष्टिकोणबाट मान्य छ वा छैन भन्ने बारेमा आफू र आफ्ना कर्मचारी वा विज्ञद्वारा छानबिन/परीक्षण नै नगरी, खरिद सम्बन्धी कार्य प्रक्रियामा आफ्नो पदीय जिम्मेवारी बाहिर गई सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम आन्तरिक |

| | | | |
|---|---|---|---|
| | | | राजस्व विभाग र सुरक्षण मुद्रण केन्द्रबिच अन्तःशुल्क स्टिकर छपाई सम्बन्धी कुनै खरिद सम्झौता नै नभएको अवस्थामा विभागबाट स्पेसिफिकेशन स्वीकृत नै नभएकोमा स्पेसिफिकेशन अनुसार भन्ने समेतको व्यहोरा उल्लेख गरी अन्तःशुल्क तथा अनुसन्धान महाशाखाको कार्यक्षेत्र र जिम्मेवारीमा नपर्ने विषयमा अन्तःशुल्क टिकटहरु छपाई गर्ने कार्यमा बदनियत राखी आफुलाई प्राप्त कार्यादिश र जिम्मेबारी भन्दा बाहिर गई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ४. | सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक **विकल पौडेल** | रु.३८,६७,१७,६४०।- | सुरक्षण मुद्रण केन्द्रबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ को उपदफा (१) को देहाय (घ) विपरीत सुरक्षण अन्तःशुल्क स्टिकर जस्तो जटिल तथा विशेष किसिमको सामान आपूर्तिको लागि खरिद विधि समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) विपरीतको खरिद गुरुयोजना तयार गरी/गराई, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ को आधारमा आफैंले गरेको कार्यसम्पादन सम्झौता विपरीत निजी कम्पनीमार्फत अन्तःशुल्क स्टिकर छपाई र खरिदको कार्य गराउनेगरी काम अगाडि बढाएको देखिन्छ । सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ५ को खण्ड (क),(च),(छ) र (ज) मा उल्लिखित कामहरु आफू सदस्य-सचिव रहेको समितिबाट निर्णय नगरी/नगराई, उपसमिति गठन नगरी/नगराई वा अधिकार प्रत्यायोजन नगरी/नगराई, सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ७ मा उल्लेख भएका कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार अन्तर्गतका खण्ड (क), (ग), (ङ), (च) र (ज) मा उल्लिखित कार्यहरु समितिमा पेश गरी भएका निर्णय बमोजिम गर्नुपर्नेमा सो विपरीत अधिकार क्षेत्र बाहिर गई अन्तःशुल्क स्टिकर छपाई गर्न तथा निःशुल्क रुपमा आन्तरिक राजस्व विभागलाई उपलब्ध गराउने भन्ने समेतका विषयमा समितिबाट निर्णय नै नगरी/नगराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही |

| | | | |
|---|---|---|---|
| | | | ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन साथै सुरक्षण मुद्रण केन्द्रको प्रमुख (कार्यकारी निर्देशक) को पदमा कार्यरत रही निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित कसुर गरेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय समेत हुन मागदाबी लिइएको छ। |
| ५. | आन्तरिक राजस्व विभाग सामान्य प्रशासन शाखा एवं खरिद ईकाईका (१) तत्कालीन निर्देशक **गणेश बिक्रम शाही** र (२) तत्कालीन शाखा अधिकृत **रविन्द्र प्रसाद पौड्याल** | रु.३८,६७,१७,६४०।- | अन्तःशुल्क स्टिकरको लागत मूल्य नै एकिन नगरेको, अन्तःशुल्क स्टिकर छपाई गर्ने सम्बन्धी सुरक्षण मुद्रण केन्द्रको क्षमता र सम्भाव्यता अध्ययन नै नगरेको, अन्तःशुल्क स्टिकर छपाई एवं आपूर्तिको बारेमा सुरक्षण मुद्रण केन्द्र तथा आन्तरिक राजस्व विभागबिच सम्झौता नै नभएको अवस्थामा आफ्नै महाशाखा प्रमुख कार्यालयमा हाजिर हुँदाहुँदै निजलाई कुनै जानकारी नै नदिई/संलग्न नै नगराई प्रारम्भिक कार्यादेश दिन सिफारिस सहित पेश गरी विभागका तत्कालीन महानिर्देशकबाट स्वीकृत गराई बद्नियतपूर्वक मिलेमतोमा गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ६. | राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक **सफल श्रेष्ठ** | रु.३८,६७,१७,६४०।- | अन्तःशुल्क ऐन, २०५८ अनुसार अन्तःशुल्क स्टिकरको स्पेसिफिकेशन, डिजाईन र लागत अनुमान साधिकार निकाय आन्तरिक राजस्व विभागबाट मात्र स्वीकृत गराई कार्य अगाडि बढाउनुपर्नेमा सो नगरी आफूमा योग्यता, अनुभव र अख्तियारी नै नभएको अन्तःशुल्क स्टिकर सम्बन्धी Technical Specification, List of Goods & Services, Drawing र लागत अनुमान समेत आफैंले तयार गरी पेश गरेको, योग्यताको आधार पूरा नगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) The Print Cell Pvt.Ltd. को बोलपत्रलाई निज सदस्यको रुपमा संलग्न रहेको मूल्याङ्कन समितिबाट सिफारिस गराई बद्नियतसाथ सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र अन्तःशुल्क ऐन, २०५८ विपरीत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश |

| | | | |
|---|---|---|---|
| | | | गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ७. | सुरक्षण मुद्रण केन्द्रका तत्कालीन शाखा अधिकृत **हरिवल्लभ घिमिरे** र लेखा अधिकृत **विष्णु प्रसाद गौतम** | रु.३८,६७,१७,६४०।- | अनाधिकृत व्यक्ति राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठलाई अन्तःशुल्क स्टिकर सम्बन्धी Technical Specification, List of Goods & Services, Drawing र लागत अनुमान तयार गर्नको लागि जिम्मेवारी तोक्ने निर्णयको लागि कार्यकारी निर्देशक समक्ष पेश गरी, तोकिएको योग्यताको आधार पूरा नगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) Print Cell Pvt. Ltd. ले पेश गरेको बोलपत्रलाई निजहरू सदस्यको रुपमा संलग्न भएको मूल्याङ्कन समितिबाट सिफारिस गराई बोलपत्रदातासंग खरिद सम्झौता गर्ने तथा कायदिश दिने निर्णयको लागि पेश गरी कार्यकारी निर्देशकबाट सोही अनुसार निर्णय समेत गराएको र सोही सम्झौताको आधारमा पेश्की रकम भुक्तानी समेत गरी/गराई सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सम्पत्ति हानिनोक्सानी गराउन बद्नियतसाथ सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, अन्तःशुल्क ऐन, २०५८ एवं सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ विपरीत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | सुरक्षण मुद्रण केन्द्रका तत्कालीन खरिद विज्ञ **शक्ति प्रसाद श्रेष्ठ** | रु.३८,६७,१७,६४०।- | खरिद विज्ञको रुपमा रहेका निजले अन्तःशुल्क स्टिकरको छपाई तथा आपूर्ति सम्बन्धी Bidding Document तयार गरेको, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार भएको Standard Bidding Document मा भएका प्रावधानलाई सोही ऐनको दफा ७ को उपदफा (३) को खण्ड (ख) विपरीत सारभूत रुपमा फरक पर्ने प्रावधानहरु (बोलपत्र आव्हानको सूचनाको बुँदा नं. २ एवं Schedule of Requirements को SCOPE मा उल्लेखित प्रावधानहरु समावेश गर्नु, Evaluation Criteria अन्तर्गतका Specific Experience र Financial Situation को Liquidity Requirement सम्बन्धी प्रावधान हटाउनु) समावेश गरी निजले सो |

| | | | |
|---|---|---|---|
| | | | Bidding Document तयार गरी पेश गरेको र सोही Bidding Document अनुसार खरिद कारबाही अगाडि बढेको, दर्ता हुन आएका बोलपत्र मूल्याङ्कन समितिमा निजले आमन्त्रित सदस्यको रुपमा कार्य गरेको, तोकिएको योग्यताको आधार पूरा नगरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) Print Cell Pvt. Ltd. ले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन समितिबाट सिफारिस गराई स्वीकृत समेत भएको, सोही सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) बोलपत्र पेश गर्ने बोलपत्रदातासंग गरिएको खरिद सम्झौताको मस्यौदा समेत निजले नै तयार गरेको र सोही आधारमा भएको खरिद सम्झौता अनुसार पेश्की रकम भुक्तानी समेत भई सार्वजनिक संस्था सुरक्षण मुद्रण केन्द्रको सम्पत्ति हानिनोक्सानी गराउन बद्नियतसाथ सार्वजनिक खरिद ऐन, २०६३, र सार्वजनिक खरिद नियमावली, २०६४ विपरीतका कार्यहरु गरी/गर्न लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुरजन्य कार्य गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हालसम्म भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुन मागदाबी लिइएको छ। |
| ९. | Print Cell Pvt. Ltd. ललितपुर र सोका निर्देशक एवं सञ्चालक **केशव शर्मा** | रु.३८,६७,१७,६४०।- | सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कर्मचारीसंग योजनाबद्ध रुपमा मिलेमतो गरी अन्तःशुल्क स्टिकरको छपाई तथा आपूर्ति सम्बन्धी सुरक्षण मुद्रण केन्द्रबाट आव्हान भएको ठेक्का नं. SPC/G/NCB-०२/०७९-८० को बोलपत्रको प्रक्रियामा Bidding Document मा माथि विवेचना गरिएबमोजिम उल्लिखित योग्यता सम्बन्धी आवश्यक कागजात Commitment letter from Original Equipment Manufacturer (OEM) समेत पेश नभएको आफ्नो कम्पनीको सारभूतरुपमा प्रभावग्राही नरहेको (Non-responsive) बोलपत्र लाई सम्बन्धित पदाधिकारीबाट सारभूतरुपमा प्रभावग्राही रहेको भन्ने ठहर गर्न लगाई उक्त बोलपत्र स्वीकृत गर्न लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गर्न/गराउन सोही ऐनको दफा २२ बमोजिम रकम लिने खाने प्रकृतिको मतियारको भूमिका निर्वाह गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को प्रावधान वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा मुख्य कसुरदारलाई हुने सजाय बराबर बिगो कायम गरी सोही ऐनको |

| | | | |
|---|---|---|---|
| | | | दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदारलाई हुने सरह कैद र जरिवानाको सजाय गरी भुक्तानी भएको रु.६,८४,४५,६००/- असुल उपर हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
नरहरि घिमिरे